मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः ३ | अङ्क : १८ | मिति : २०८१ मंसिर १० गते , सोमबार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

मर्स्याङ्दी महोत्सव | मर्स्याङ्दी कप | समिक्षा कार्यक्रम

**मर्स्याङ्दी महोत्सव**

## फरक शैलीमा सञ्चालन भएको दोस्रो मर्स्याङ्दी महोत्सव २०८१ सम्पन्न ।।।




**२०८१ कार्तिक २७ - मंसिर १ गते, मर्स्याङ्दी गाउँपालिका**

मर्स्याङ्दी गाउँपालिकाको पर्यटन प्रवर्द्धन, कला संस्कृतिको जगेर्ना/संरक्षण/पुस्तान्तरण, कृषि/पशु तथा स्थानीय उत्पादन वृद्धि र बजारीकरण, स्थानिय अर्थ तन्त्रलाई चलायमान बनाउँदै आय आर्जन वृद्धि गर्ने उद्धेश्यले २०८१ कार्तिक २७ गते बाट ५ दिने दोस्रो मर्स्याङ्दी महोत्सव संचालन गरिएको थिया । मिति २०८१ कार्तिक २७ र २८ गते धार्मिक मेला (हरिबोधनी एकादशी मेला) साथ सुभारम्भ गरिएको थियो । ऐतिहासिक एकादशी र धार्मिक मेला मर्स्याङ्दी - ३, ९ र ८ को बिचमा रहेको खुदी र मर्स्याङ्दी नदीको दोभानमा खुदी बेनीमा फूलको डोरी तारीएको थियो । मर्स्याङ्दी नदीमा पुजा गर्ने र नुहाउनका लागि हजारौ श्रद्धालु भक्तजनहरुको घुईचो थियो । विभिन्न धार्मिक विधिहरु सहित बाजा गाजा बजाउदै मर्स्याङ्दी नदीमा थुप्रै फुलको डोरीहरु तार्ने कार्यक्रम समेत एकादशी मेलाको मुख्य आकर्शक कार्यक्रम थियो । सोही अवसर मा स्थानीय तथा राष्ट्रिय कलाकार सम्झना भण्डारी, स्थानीय कलाकार प्रृतम गुरुङ को सांङ्गेतिक प्रस्तुति र विभिन्न क्लब तथा विद्यालयहरुको नृत्य तथा खेलकुद प्रतियोगिताहरु र कृषि तथा स्थानीय उत्पादनहरुको विक्रि वितरणले यो दुई दिने कार्यक्रमलाई थप आकर्षक बनाएको थियो । उक्त दुई दिने कार्यक्रमको सह-आयो जक खुदी यूथ र खुदी टोल विकास संस्था रहेको थियो यसै गरि मिति २०८१ कार्तीक २९ गते मर्स्याङ्दी -४, जगतमा जगत तातोपानी कुण्डमा स्नान, स्थानीय कला, संस्कृति प्रदर्शनी र स्थानीय उत्पादनहरुको प्रदर्शनी तथा विक्री वितरण गरि सम्पन्न गरिएको थियो । मर्स्याङ्दी गाउँपालिका -४, जगत स्थित यो तातोपानी कण्ड मर्स्याङ्दी गाउँपालिका साथै लमजुङ जिल्लाको लागि प्राकृतिक बरदानको रुपमा लिन सकिन्छ । जगत बजार देखि करिव ५ मि.को पैदल यात्रा पछि पुग्न सकिने मर्स्याङ्दी नदीको किनारमा रहेको यो तातोपानी कुण्डमा स्नान गर्दा चर्म रोग तथा बाथको रोगहरु निको हुने विश्वास गनिन्छ । महोत्सवको अवसरमा करिव २०० जना आन्तरिक तथा वाहिरी पर्यटकहरुले यस स्था( नमा स्नान गरेका थिए भने उक्त कार्यक्रमको सह-आयो जक जगत टोल विकास संस्था तथा तातोपानी यूवा क्लव रहेको थियो ।

महोत्सव क्रमश...

# मर्स्याङ्दी बुलेटीन

वर्ष: ३ | अङ्क : १८ | मिति : २०८१ मंसिर १० गते , सोमबार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

त्यसै गरि मिति २०८१ कार्तिक ३० गते मर्स्याङ्दी गाउँपालिका, वडा नं. २,४,५,६ का विभिन्न भिरहरुमा शाहसीक भिर मह शिकार तथा सो को डकुमेन्ट्री भीडियो छायाँकन गरिएको थियो भने उक्त कार्यक्रम सह-आयोजकहरु तत् वडाका टोल विकास संस्थाहरु रहेको थियो । महोत्सवको अन्तिक दिन तथा मिति २०८१ मंसिर १ गते स्यागे झरना, अक्टोपस झरना, बुङ झरना महोत्सव मर्स्याङ्दी -४, ५ झरनाहरुको अवलोकन, स्थानीय कला, संस्कृति प्रदर्शनी र स्थानीय उत्पादन हरुको प्रदर्शनी तथा विक्री वितरण गदैमहोत्सवको समापन गरिएको थियो भने अन्तिम दिनको सह-आयोजक स्यागे टोल विकास संस्था, च्याम्चे टोल विकास संस्था तथा च्याम्चे युवा क्लव रहेको थियो ।

## एकादशी मेला











मिति: २०८१ कार्तिक २७ र २८ गते, मर्स्याङ्दी - ३, खुदी

## तातोपानी महोत्सव







मिति: २०८१ कार्तिक २९ गते, मर्स्याङ्दी - ४, जगत




## मह शिकार (Honey Hunting)








मिति: २०८१ कार्तिक ३० गते, मर्स्याङ्दी - ४, मिप्रा र स्याँगे

## बुङ र अक्टोपस छहरा महोत्सव







मिति: २०८१ मंसिर ०१ गते, मर्स्याङ्दी - ४, च्याम्चे

मर्स्याङ्दी कप २०८१

मर्स्याङ्दी बुलेटीन

वर्ष: ३ | अङ्क : १८ | मिति : २०८१ मंसिर १० गते , सोमबार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति



# छैटौं मर्स्याङ्दी कप २०८१ भव्यताका साथ सम्पन्न ॥॥

**मर्स्याङ्दी - ३, खुदी**

लमजुङको मर्स्याङ्दी गाउँपालिकामा छैटौं मर्स्याङ्दी कप २०८१ सम्पन्न भएको छ। गत कार्तिक २५ गते मर्स्याङ्दी गाउँपालिकाको सभा हलमा बसेको प्रधानाध्यापकको बैठकमा छैटौं मर्स्याङ्दी कप २०८१ को आयोजना गर्ने निर्णय भएको थियो। मर्स्याङ्दी गाउँपालिकाको आयोजना र शिक्षा, युवा तथा खेलकुद शाखाको सहजीकरणमा कार्तिक २९ गतेदेखी मंसिर २ गतेसम्म अमर मा.वि., खुदी खेल मैदान र हिमचुली मा.वि. को प्राङ्गणमा सञ्चालन भएको छैटौं मर्स्याङ्दी कप २०८१ मा विभिन्न ३३ वटा खेलहरु खेलाइएको थियो। कार्यक्रमको उद्घाटनमा मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, जनप्रतिनिधी, पालिकाका कर्मचारीहरु, विभिन्न विद्यालयका प्रधानाध्यापक, खेल शिक्षक तथा विद्यार्थी खेलाडीहरुको उल्लासमय सहभागिता रहेको थियो।

छैटौं मर्स्याङ्दी कप २०८१ को अन्तिम नतिजाको आधारमा हिमचुली मा.वि. ले प्रथम, महेन्द्र मा.वि. ले दितीय र त्रिभुवन मा.वि.ले तृतीय स्थान हाँसिल गरेको थियो। विजेता खेलाडीहरुलाई पुरस्कार वितरण गाउँपालिका अध्यक्ष अर्जुन गुरुङ, उपाध्यक्ष जुनामाया थापा र प्रमुख प्रशासकीय अधिकृत अर्जुन चपाईंले गर्नुभएको थियो।











## विविध

### मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको चिन भ्रमण सफल ॥॥



१५ अक्टोबर देखि २८ अक्टोबर २०२४ सम्म चीनको बेइजिङमा आयोजना भएको *"Public Cultural Service Reform and Healthy Development for Devloping Countries"* नामक सेनिनारमा भाग लिनुभई, विभिन्न शहरहरुको भ्रमण गर्नुभएको छ।

अध्यक्षज्यू भन्नुहुन्छ: भ्रमण अत्यन्तै उपलब्धिमूलक रह्यो। चीनिया विकास मोडल अनि पछिल्लो ४० वर्षको चीनको आमूल विकास र परिवर्तन, नेतृत्वको समयानुकूल मूलुक परिवर्तनको दृष्टिकोण र देश, नेतृत्व प्रति आम जनताको सम्मान र विश्वास अनि बलियो एकता हामीले सिक्नै पर्ने हुन्छ। मूलुक परिवर्तनको लागि धेरै समय लाग्ने रहेनछ तर एकता र सक्षम नेतृत्व हुनु अपरिहार्य छ।

समिक्षा तथा योजना कार्यक्रम

# मर्स्याङ्दी बुलेटीन

वर्षः ३ | अङ्क : १८ | मिति : २०८१ मंसिर १० गते , सोमबार

**संरक्षक :** अर्जुन गुरुङ, अध्यक्ष | **सल्लाहकार :** अर्जुन चपाई, प्र.प्र.अ | **प्रकाशक :** मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## मर्स्याङ्दी गाउँपालिकाको आ.ब. २०८१/८२ को प्रथम चौमासिक समिक्षा गोष्ठी मर्स्याङ्दी गाउँपालिका अध्यक्ष अर्जुन गुरुङज्यूको अध्यक्षतामा सम्पन्न ।।।







कार्यक्रममा मर्स्याङ्दी गाउँपालिका उपाध्यक्ष जुनामाया थापाज्यू, प्रमुख प्रशासकीय अधिकृत अर्जुन चपाईज्यू, नौ वटा वडाका वडाध्यक्षज्यूहरु एवं कार्यपालिका सदस्यज्यूहरुको उपस्थिति रहेको गोष्ठीमा मर्स्याङ्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत प्राविधिक शाखाबाट इन्जिनियर सुरेश गौतम, आर्थिक प्रशासन शाखाबाट लेखा अधिकृत मनि रानामगर, योजना शाखाबाट कम्प्युटर अपरेटर बसन्त बरुवाल, पञ्जिकरण तथा सूचना प्रविधि शाखाबाट सुचना प्रविधि अधिकृत अविनास भण्डारी, राजस्व शाखाबाट राजस्व शाखा प्रमुख शैलेन्द्र घिमिरे, स्वास्थ्य शाखाबाट जनस्वास्थ्य निरीक्षक लुल वहादुर घले, प्रधानमन्त्री रोजगार शाखाबाट रोजगार सहायक विकास गुरुङ, आयुर्वेद शाखाबाट कविराज सन्तलाल सहनी, युवा खेलकुद तथा शिक्षा शाखाबाट प्राविधिक सहायक राजेन्द्र प्रसाद भट्ट, पशु सेवा शाखाबाट पशु विकास अधिकृत मधु विलास न्यौपाने र कृषि विकास शाखाबाट कृषि अधिकृत विनोद दाहालले आ-आफ्ना शाखाबाट प्रवाह हुने सेवा तथा परामर्शको प्रगति विवरण प्रसतुतीकरण गरी उक्त प्रस्तुतीकरण माथि वृहत छलफलका साथ गोष्ठी सम्पन्न भएको थियो भने कार्यक्रमको सहजीकरण प्रशासन शाखा प्रमुख अनिल कुमार गुरुङले गर्नु भएको थियो ।










**Website URL : marsyangdimun.gov.np**
**Facebook URL : https://www.facebook.com/marsyangdirm**
**Email: marysangdirm@gmail.com / info@marsyangdimun.gov.np**